उपयोगी सुझावहरू

Nepali | नेपाली

City of Canada Bay

Food Organics Garden Organics

तपाईंको भान्साको क्याडी (caddy) लाई प्रत्यक्ष सूर्यको किरणबाट टाढा राख्नुहोस्।

तपाईंको भान्साको क्याडीलाई नियमित रूपमा साबुन पानीले धुनुहोस्।

तपाईंले बिन लाइनर प्रयोग गर्न आवश्यक छैन।

तपाईंको क्याडीलाई ओभानो र गन्धबाट मुक्त राख्नको लागि पिंधमा bi-carb सोडा छर्किनुहोस्।

तपाईंले आफ्नो क्याडीलाई खाली गर्ने योजना गर्नु अघि सम्म गन्हाएको खानाका टुक्राहरूलाई चिसोमा वा फ्रिजमा राख्नुहोस्।

सम्पर्क गर्नुहोस्

fogo@canadabay.nsw.gov.au
(02) 9121 0219

FOGO को बारेमा

यो के हो?

Food Organics and Garden Organics (FOGO) एक फोहोरमैला व्यवस्थापन सेवा हो जसले खानाकुराको र बगैंचाको फोहोर एकै साथ सङ्कलन गर्छ।

हामीले किन FOGO सेवा प्रदान गर्दैछौं?

1. **NSW EPA ले काउन्सिलहरूलाई सन् 2030 सम्ममा सबै घरपरिवारहरूलाई FOGO सेवा उपलब्ध गराउन आदेश दिएको छ।**

   काउन्सिलले सबैको लागि यस परिवर्तन सहज बनाउने सुनिश्चित गर्ने उपयुक्त शहरव्यापी कार्यान्वयन योजना तयार गर्नका लागि यो सेवालाई सानो स्तरमा परीक्षण गर्न चाहन्छ।

2. **क्यानाडा बे (Canada Bay) मा फोहोरको ३४% खानेकुराको फोहोर हुन्छ।**

   खानेकुराको फोहोरलाई FOGO बिनमा बिसर्जन गर्नाले ल्यान्डफिलबाट जैविक फोहोरलाई हटाउन सकिन्छ, जसले गर्दा ग्रीनहाउस ग्यास उत्सर्जनमा कमी आउँछ।

FOGO फोहोरलाई के गरिन्छ?

तपाईंको FOGO फोहोरलाई कम्पोस्टमा प्रशोधन गरिन्छ र उत्पादित मल बेच्नु अघि गुणस्तर परीक्षण गरिन्छ।

FOGO ले कसरी काम गर्छ?

1. तपाईंको भान्साको क्याडीमा प्रमाणित गरिएको कम्पोस्टेबल बिन लाइनर लगाउनुहोस्।

2. तपाईंको भान्साको क्याडीमा खाने कुराको फोहोरलाई अलग गर्नुहोस्।

3. तपाईं बस्नेभवनको आधारमा, तपाईंको खानेकुराको फोहोर (प्रत्येक २-३ दिनमा) निम्न स्थानमाफाल्नुहोस्:

ठूलो हरियो ढक्कन भएको गुडाउने बिन।

तपाईं बस्ने तलामा अवस्थित सानो FOGO बिन।

4. आफ्नो भान्साको क्याडीलाई पुन: प्रयोग गर्न यसलाई पखाल्नुहोस् र पुन: बिन लाइनर लगाउनुहोस्।

5. काउन्सिलको फोहोर व्यवस्थापन ठेकेदारहरूले साप्ताहिक रूपमा FOGO बिनहरू उठाउछन्।

6. बिन लाइनर सकियो? अझै वितरण गर्न बाँकी छ कि छैन भनेर आफु बस्ने भवनको प्रबन्धकलाई सोध्नुहोस् अथवा थप मगाउनको लागि तलको QR कोड स्क्यान गर्नुहोस्।